३०६

२०४५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २७/२०७१/०७२

जिल्ला पर्सा गा.वि.स.हरिहरपुर वडा नं. ६ बस्ने सुरेन्द्र प्रसाद कानु ..............................१ उजुरीकर्ता

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ..................................१ विपक्षी

सूचना अधिकारी, शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ............................................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्नू ।

जिल्ला पर्सा गा.वि.स.हरिहरपुर वडा नं. ६ बस्ने सुरेन्द्र प्रसाद कानुले शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।६।२८ मा निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७१।०७।०५, च.नं. ४१० पु.च.नं. १६७ को पत्रबाट पत्राचार भएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म उजुरीकर्ताले सूचना पाइन भनी उजुरी गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा उजुरीकर्ताले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही वखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ९ गते रोज ४ शुभम् ।